दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २१२ | बुटवल | २०८३ साउन २६ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday August 11, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

# अब तराईमै सम्भव छ व्यवसायिक स्याउ खेती

**दाङ घोराही–११ पलासपुरका मनु बुढामगरले हरिमन ९९, अन्ना र डोरसेट गोल्डेन गरी तीन प्रजातिका स्याउ खेतीको परीक्षण सफल भएपछि तीन बिघामा व्यवसायिक खेती र नर्सरीमा ७० हजार बिरुवा उत्पादन गरेका छन्। मनुका अनुसार ४८ डिग्री सेन्टिग्रेड तापक्रम भएको ठाउँमा स्याउ खेती गर्न सकिन्छ।**

**टिआर शर्मा**
*बुटवल*

स्याउ फलाउन हिमाल र चिसो पहाड नै चाहिन्छ भन्ने परम्परागत मान्यता अब बदलिएको छ। दाङको घोराही-११ पलासपुरका मनु बुढामगरले तराईको हावापानीमा स्याउ फलाएर देखाएपछि नेपालमा स्याउ खेतीको सम्भावनाबारे नयां बहस सुरु भएको छ।

दाङमा परीक्षणका रूपमा रोपिएका हरिमन-९९, अन्ना र डोरसेट गोल्डेन जातका स्याउको सफल उत्पादनपछि बुढामगरले अहिले विभिन्न जातका करिब ७० हजार स्याउका बिरुवा उत्पादन गरिरहेका छन्। उनले तीन बिघा क्षेत्रफलमा व्यावसायिक स्याउ खेतीसमेत सुरु गरेका छन्। थप चार बिघा जग्गामा पनि सयाउ खेती विस्तार गर्ने तयारीमा छन्।

मनुका अनुसार करिब ४८ डिग्री सेन्टिग्रेडसम्मको तापक्रम सहन सक्ने जात छनोट गर्न सकिए तराईमा समेत व्यवसायिकरुपमा स्याउ खेती गर्न सम्भव छ। तराईमा स्याउ फलाउन सफल भएको उनको प्रयोगले उच्च पहाड र हिमाली क्षेत्रमा मात्र स्याउ उत्पादन हुन्छ भन्ने धारणालाई चुनौती दिएको छ।

भारतको हिमाचल प्रदेशको सिम्लामा करिब २२ वर्ष स्याउ खेतीमै काम गरेर फर्किएका ४२ वर्षीय मनु अहिले आफ्नै जिल्लामा स्याउ खेतीको व्यावसायिक सम्भावना खोजिरहेका छन्।

सिम्लामा जन्मे/हुर्केका मनुले ५ वर्ष सिम्लामै अरुको स्याउ फर्ममा बेना उमार्नेदेखी फल टिप्ने काममा मजदुरी गरेको र पछि आफैले करिब ९ बिघा जग्गा लिजमा लिएर डेढ बिघामा नर्सरी र साढे ७ बिघामा स्याउ खेती गर्दै आएको बताए।

सिम्लामा अहिले पनि स्याउ खेती गरिरहेका मनु ८ वर्षअघि दाङ आएका थिए। उनको पुर्ख्यौली घर भने रोल्पाको त्रिवेणी गाउँपालिका वडा नं ७ हो।

'सिम्लामा २२ वर्ष स्याउ खेतीमै काम गरेपछि धेरै ज्ञान र अनुभव भयो अनि नेपाल फर्केर आफ्नै ठाउँमा व्यवसायिक स्याउ खेती नै गर्छु भन्ने अठोट लिएर दाङ फर्किएं,' मनुले भने-'दाङमा आएर तीन वर्षअघि सगरमाथा नर्सरी प्रालिको प्रशिक्षणमार्फत हरिमन-९९, अन्ना र डोरसेट गोल्डेन जातका १०-१० बिरुवा रोपेर सफल परीक्षण भएपछि विद्यालयको जग्गा भाडामा लिएर तीन बिघामा व्यावसायिक खेती सुरु गरेको हुँ।'

अहिले त्यहाँ करिब ३०० स्याउका बिरुवा हुर्किरहेका छन्। थप चार बिघा जग्गा लिजमा लिएर करिब ५०० बिरुवा थप रोप्ने तयारी पनि उनले गरेका छन्। मनुले म्याग्दीका प्रविन पौडेलसँग सहकार्य गरेर म्याग्दीमा समेत पाँच बिघा क्षेत्रफलमा तीन हजार बिरुवा रोपिसकेका छन्।

**दाङमा ७० हजार बिरुवा उत्पादन**

मनुको काम खेतीमा मात्र सीमित छैन। उनले दाङमा सञ्चालन गरेको नर्सरीबाट तराईमा फल्न सक्ने तीन जातसहित मध्यपहाड र हिमाली जिल्लामा उत्पादन गर्न सकिने विभिन्न ४५ जातका करिब ७० हजार स्याउका बिरुवा उत्पादन गरेका छन्।

नर्सरीमा स्याउसँगै ओखर र काजुसम्मका बिरुवा उत्पादन हुँदै आएका छन्। नर्सरी र स्याउ खेतीमा अहिलेसम्म करिब एक करोड रुपैयाँ लगानी भइसकेको मनुले बताएका छन्। स्याउका बिरुवाको माग बढ्दै गएपछि गत वर्ष मात्रै दाङ र सुर्खेतमा करिब १५ हजार बिरुवा बिक्री गरेको उनले बताए। मागअनुसार बिरुवा उपलब्ध





गराउन नसकेको उनको भनाइ छ।

**सिम्लामा मजदुरदेखि आफ्नै बगैंचासम्म**

स्याउ खेतीको प्राविधिक ज्ञान र अनुभव हासिल गर्न मनुले भारतको हिमाचल प्रदेशको सिम्लामा पाँच वर्षसम्म स्याउ फार्ममा मजदुरी गरेका थिए। त्यसपछि करिब नौ बिघा जग्गा लिजमा लिएर डेढ बिघामा नर्सरी र साढे सात बिघामा स्याउ खेती गर्दै आएका थिए।

उनको पुर्ख्यौली घर भने रोल्पाको त्रिवेणी गाउँपालिका-७ हो। करिब आठ वर्षअघि उनी दाङ आएका हुन्।

सिम्लामा २२ वर्ष स्याउ खेतीमा काम गरेपछि नेपाल फर्किएका मनुले आफ्नै ठाउँमा व्यावसायिक स्याउ खेती गर्ने अठोट लिए। उनको अनुभवमा मध्यपहाड र हिमाली जिल्लामा स्याउ खेती नौलो होइन, तर तराई र भित्री मधेसमा समेत यसको सम्भावना रहेको प्रमाणित गर्नु मुख्य उद्देश्य हो। 'मध्यपहाड र हिमाली जिल्लामा त स्याउ खेती नौलो होइन। तराई र भित्री मधेसमा पनि स्याउ फल्छ भन्ने जानकारी थियो। त्यसलाई आफैं खेती गरेर प्रमाणित गर्न दाङ आएको हुँ।'-मनुले भने।

दाङमा तीन जातका स्याउको उत्पादन सफल भएपछि अब सिम्लामा गर्दै आएको खेती र नर्सरीको कामलाई बिट मारेर दाङमै केन्द्रित गर्ने उनको योजना छ।

**दुई वर्षमै फल, एक बोटबाट एक क्विन्टलसम्म**

मनुको दाबीअनुसार तराईमा रोपिएका उपयुक्त जातका स्याउका बिरुवाले दुई वर्षमै फल दिन सुरु गर्न सक्छन्। राम्रो व्यवस्थापन भए एउटा बोटबाट एक क्विन्टलसम्म उत्पादन लिन सकिने सम्भावना रहेको उनी बताउँछन्।

उनका अनुसार विगतमा नेपालका केही तराईका जिल्लामा स्याउ खेतीको प्रयास भए पनि अपेक्षित सफलता प्राप्त हुन सकेन। त्यसको मुख्य कारण तराईको हावापानीमा अनुकूल हुने जात छनोट नगरिनु हो।

हरिमन-९९, अन्ना र डोरसेट गोल्डेनजस्ता जातका स्याउ करिब ४८ डिग्रीसम्मको तापक्रम हुने क्षेत्रमै उत्पादन गर्न सकिने भएकाले तराईका जुनसुकै जिल्लामा पनि व्यावसायिक खेतीको सम्भावना रहेको मनुको दाबी छ। 'विगतमा पनि नेपालका केही तराईका जिल्लामा स्याउ खेती गरिएको थियो। तर सफल हुन सकेन। यसको कारण तराईको हावापानीमा एडजस्ट हुने जात नरोप्नु हो,' उनले भने-'हरिमन-९९, अन्ना र डोरसेट गोल्डेनजस्ता जात ४८ डिग्री सेल्सियससम्म तापक्रम हुने तराईका जिल्लामा पनि उत्पादन गर्न सकिन्छ।'

**एउटा किसानको बगैंचाले सयौँलाई आशा**

घोराही-११ रतनपुरका अनुराम बुढाले मनुको बगैंचामा स्याउ फलेको आफ्नै आँखाले देखेपछि आफू पनि स्याउ खेतीतर्फ आकर्षित भएको बताए। उनले मनुको नर्सरीबाट सय वटा बिरुवा किनेर आफ्नै खेतमा रोपेका छन्।

'तराईमा पनि स्याउ फल्छ भन्ने कल्पना गरेका थिएनौं। मनुले फलाएको आफ्नै आँखाले देखेपछि सय वटा बिरुवा किनेर लगाएको छु। अहिले राम्रैसँग फल लाग्न थालेको छ।'-अनुरामले भने। यसअघि खेती नगरी बाँझो रहेको जमिनमा मनुले स्याउको नर्सरी र खेती सुरु गरेपछि स्थानीय बासिन्दा तथा जनप्रतिनिधिसमेत आकर्षित भएका छन्।

घोराही-११ का वडाध्यक्ष कुलबहादुर लामिछानेले तराईमा स्याउ फलाउन सकिने प्रमाणित भएपछि यसबारे सोधखोज गर्ने किसानको संख्या बढेको बताए। 'तराईमा स्याउ खेतीको सफल परीक्षण भएपछि धेरै मानिसले फोन गरेर यसबारे सोध्न थालेका छन्,' लामिछानेले भने-'तराईका जिल्लामा व्यावसायिक स्याउ खेती सफल हुन्छ भने यो देशकै लागि निकै ठूलो उपलब्धि हुन सक्छ।' उनले स्थानीय, प्रदेश र संघीय सरकारले यस्ता नयाँ कृषि उद्यमलाई प्रोत्साहन, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने बताए।

**वार्षिक १० अर्बको स्याउ आयात**

नेपालमा स्याउको बजार ठूलो भए पनि ठूलो हिस्सा आयातमै निर्भर छ। सरकारी तथ्यांकअनुसार नेपालमा वार्षिक १० अर्ब रुपैयाँभन्दा बढीको स्याउ आयात हुने गरेको छ। स्वदेशी स्याउको हिस्सा भने करिब ४० प्रतिशत मात्रै रहेको बताइएको छ।

आर्थिक वर्ष २०८१/८२ मा नेपालले विदेशबाट ९० हजार २५३ मेट्रिक टन स्याउ आयात गरेको थियो। उक्त परिमाणको स्याउ आयात गर्दा नेपालबाट १० अर्ब ५५ करोड ७५ लाख ६९ हजार रुपैयाँभन्दा बढी रकम विदेशिएको तथ्यांक छ। स्वदेशी उत्पादन र आयातित स्याउलाई जोड्दा नेपालको वार्षिक स्याउ बजार करिब एक लाख ५० हजार २०२ मेट्रिक टनको हाराहारीमा पुग्ने देखिन्छ। नेपालमा आयात हुने स्याउको ठूलो हिस्सा चीन र भारतबाट आउने गरेको छ।

हिमाली तथा उच्च पहाडी जिल्लामा स्याउ उत्पादनको ठूलो सम्भावना हुँदाहुँदै पनि उत्पादन, भण्डारण, ढुवानी र बजार व्यवस्थापनका समस्याका कारण नेपाल अझै ठूलो परिमाणमा विदेशी स्याउमा निर्भर रहनुपरेको छ। यही अवस्थामा तराईमा समेत उत्पादन सम्भव हुने जातको स्याउ खेती सफल हुनु कृषि क्षेत्रमा नयाँ सम्भावनाका रूपमा हेरिएको छ।

**आयात घटाउन तराईमा स्याउ खेती कोशेढुंगा हुन सक्छ : श्रेष्ठ**

नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरेलले तराईमा फल्ने स्याउलाई सरकारले प्राथमिकताका साथ प्रवर्द्धन गर्नुपर्ने बताए।

उनका अनुसार तराईमा सफल हुने जातका स्याउको व्यावसायिक खेती विस्तार गर्न सके आयात घटाउँदै स्वदेशी उत्पादनमा आत्मनिर्भर बन्ने सम्भावना छ। 'तराईमा फल्ने स्याउलाई तहगत सरकारले चासो दिएर प्रवर्द्धन गर्ने हो भने स्याउको आयात घटाउँदै स्वदेशी उत्पादनमै आत्मनिर्भर बन्न सक्ने सम्भावना देखिन्छ,' पोखरेलले भने-'नेपालले वर्षेनि अर्बौं रुपैयाँको स्याउ विदेशबाट आयात गरिरहेको अवस्थामा तराईको हावापानी अनुकूल जातको पहिचान, प्रविधिको प्रयोग र व्यावसायिक उत्पादन विस्तार गर्न सके आयात प्रतिस्थापनको सम्भावना बलियो बन्न सक्छ।'

दाङको पलासपुरमा मनु बुढामगरले सुरु गरेको प्रयोगलाई कसरी तराईका हजारौं किसानमाझ व्यावसायिक खेतीमा विस्तार गर्ने भन्नेमा राज्यको ध्यान जान जरुरी भएको पोखरेलले औंल्याए।

**स्याउ खेतीको ज्ञान बाँड्दै मनु**

आफूले सिकेको प्राविधिक ज्ञान मनुले आफ्नै खेतमा मात्र प्रयोग गरेका छैनन्। उनले स्याउ खेती गर्न इच्छुक किसानलाई प्राविधिक ज्ञान र प्रशिक्षणसमेत दिँदै आएका छन्। तराईका विभिन्न जिल्लादेखि जुम्ला, रोल्पा, रुकुम, बागलुङ, मुस्ताङ र म्याग्दीसम्म पुगेर किसानलाई स्याउ खेतीसम्बन्धी तालिम दिएको उनले बताए।

मनुको लक्ष्य दाङमा नर्सरी र तराईमा सफल हुने स्याउ खेतीलाई विस्तार गर्दै देशका विभिन्न भागमा गुणस्तरीय बिरुवा र प्रविधि पुऱ्याउनु हो। तराईमा स्याउ खेती विस्तारका लागि बिरुवा उत्पादनदेखि प्राविधिक सेवा, किसानलाई तालिम, अनुदान, सिँचाइ, भण्डारण, ढुवानी र बजार व्यवस्थापनसम्म राज्यले एकीकृत नीति बनाउनुपर्ने उनको भनाइ छ।

## राजदूत भेटमा प्रधानमन्त्रीले तोडे आफ्नै प्रतिबद्धता



बुटवल। प्रधानमन्त्री बालेन्द्र शाहले पदभार सम्हालेको झण्डै साढे चार महिनापछि भारतीय र चिनिया राजदूतसँग छुट्टाछुट्टै भेटवार्ता गरेका छन्।

कुनै पनि विदेशी राजदूतसँग छुट्टै नभेट्ने भनेर आफैंले बनाएको प्रोटोकल उनले सोमबार तोडे।

प्रधानमन्त्री बनेको केही दिनपछि उनले सबै विदेशी राजदूत र कुटनीतिज्ञहरुलाई एकैपटक बोलाएर सामूहिक भेटवार्ता गरेका थिए। कुटनीतिक प्रोटोकल कडा बनाएका प्रधानमन्त्री शाहले अमेरिकाबाट आएका दुई विशिष्ट दूतहरुलाई भेट दिएका थिएनन्।

शक्ति राष्ट्र अमेरिकाका उच्चस्तरीय पाहुनाहरुलाई भेट नदिएर बेग्लै मानक बनाएका बालेन भारतबाट नेपाल भ्रमणमा आउन लागेका विदेश सचिव विक्रम मिश्रीसँग पनि भेट्न तयार नभएको देखाएका थिए। यसमा भारतले रिसाएर विदेशसचिवको भ्रमण नै स्थगन गरेको थियो। त्यसपछि लगातार विभिन्न माध्यमबाट दवाव दिएर भारतले नेपालका प्रधानमन्त्रीलाई आफ्नो अडानबाट पछि हट्न वाध्य पारेको छ।

भारतीय राजदूत नवीन श्रीवास्तवले सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय पुगेर सोमबार बालेनसँग भेटेका हुन्। यो 'वान टु वान भेट' भने होइन। प्रधानमन्त्रीसँग परराष्ट्रका प्रतिनिधि थिए भने श्रीवास्तवसँग दूतावासका अधिकारी थिए। भेटवार्तापछि श्रीवास्तावले नेपालको प्रधानमन्त्रीलाई भेट्न पाउँदा सम्मानित महसुस भएको बताएका छन्।

» बाँकी ३ पेजमा

## कक्षा ५ सम्म कुनै आन्तरिक र त्रैमासिक परीक्षा नलिन निर्देशन




बुटवल। देशभरका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई कक्षा ५ सम्म कुनै पनि प्रकारको आन्तरिक वा त्रैमासिक परीक्षा नलिन निर्देशन दिइएको छ। सरकारको पछिल्लो निर्णय कार्यान्वयन गर्दै जिल्ला शिक्षा विकास तथा समन्वय एकाइहरूले बालबालिकामा हुने मनोवैज्ञानिक दबाब अन्त्य गर्न परीक्षा प्रणाली बन्द गर्न भनेका हुन्।

मन्त्रीपरिषद्को २०८२ चैत १३ गतेको बैठकबाट स्वीकृत 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' को बुँदा नम्बर ८९ अनुसार यो व्यवस्था लागू गरिएको पत्रमा उल्लेख छ। नयाँ व्यवस्था अनुसार आगामी शैक्षिक सत्रदेखि आधारभूत तह (कक्षा १-५) मा लिइने परम्परागत आन्तरिक परीक्षाहरू पूर्ण रूपमा बन्द हुनेछन्।

कतिपय विद्यालयहरूले अझै पनि पुरानै शैलीमा त्रैमासिक परीक्षामार्फत् मूल्यांकन गरिरहेको पाइएपछि लिखित निर्देशन दिइएको बताइएको छ।

अबदेखि विद्यालयहरूले 'विद्यार्थी मूल्यांकन मार्गदर्शन २०८३' बमोजिम विभिन्न सूचक र मापदण्डका आधारमा विद्यार्थीको मूल्यांकन गर्नुपर्नेछ। विद्यार्थीको सिकाइ उपलब्धिलाई परीक्षाको अंकमा मात्र नहेरी उनीहरूको व्यवहार, सिर्जनशीलता र निरन्तर मूल्यांकनका आधारमा मापन गरिनेछ। एकाइले मूल्यांकनका सम्भाव्य तरिका र साधनहरू समेत विद्यालयहरूलाई उपलब्ध गराएको छ।

स्थानीय तहहरूलाई समेत यो निर्णय कार्यान्वयनमा आवश्यक सहयोग र सहजीकरण गरिदिन भनिएको छ।



## सम्पादकीय

# समुदायलाई अपनत्व दिलाऊ

ढोरपाटन शिकार आरक्ष स्थापना भएको चार दशक बितेको छ, तर मध्यवर्ती क्षेत्र बनाएर संरक्षणमा समुदायलाई सहभागी गराउने आरक्षको प्रयास सफल हुन सकेको छैन । वन र वन्यजन्तु संरक्षणमा आरक्षसँगै मिलेर अघि बढ्दा फाइदा पुग्छ भन्ने विश्वास समुदायले गर्न सकिरहेका छैनन् । यही विश्वासको अभावमा आरक्ष–समुदाय द्वन्द्व निवारण हुनसकेको छैन ।

राष्ट्रिय निकुञ्जसम्बन्धी ऐनले स्थानीयको अधिकार सुनिश्चित गरेको भनिए पनि व्यवहारिक अभ्यासका क्रममा त्यस्तो नभएको गुनासो समुदायको छ । निकुञ्जसम्बन्धी ऐनका कतिपय प्रावधानले समुदाय रुष्ट छन् । वनमा समुदायको अधिकार पहिलो हो भन्ने बुझाई छ, तर संरक्षण गर्न सक्दा मात्रै यो अधिकार सुनिश्चित हुन्छ भन्ने बुझाईको अभाव छ । आरक्षसँगै मिलेर अघि बढ्न किन समस्या भयो ?आरक्षले समुदायलाई फाइदा भन्दा धेरै सास्ती दिन्छ भन्ने स्थानीय बासिन्दामा परेको छ, जुन कतिपय अवस्थामा निकुञ्जसम्बन्धी ऐन कार्यान्वयनका क्रममा स्थानीय बासिन्दा भुक्तभोगी छन् । दोश्रो अहिलेसम्म मध्यवर्ती क्षेत्र बनाउँदा जीवीकोपार्जनमा फाइदा पुग्छ भन्ने विश्वास गर्न सकिरहेका छैनन् । नवलपरासी, चितवन र बर्दियामा मध्यवर्ती क्षेत्रका बासिन्दाले पाएको लाभलाई उनीहरुले कम देखिरहेका छन् । आखिर मध्यवर्ती बनाउन सहयोग नगर्दा आरक्ष नहुने पनि होइन् । त्यसो त समुदायको सहभागिता विना संरक्षण प्रभावकारी हुन सक्तैन् ।

मध्यवर्ती क्षेत्र बनाउनका लागि स्थानीय तहले समुदायलाई सहमत गराउनुपर्छ । मध्यवर्ती क्षेत्रप्रति सहमत हुँदा संरक्षणप्रति समुदायको सहभागिता व्यवहारिक रुपमा स्थापित हुन्छ । ढोरपाटन शिकार आरक्षअन्तर्गत पर्ने बाग्लुङका ढोरपाटन नगरपालिका, तमानखोला रनिसीखोला गाउँपालिका तथा रूकुमको पुथा उत्तरगंगा र म्याग्दीको धौलागिरी गाउँपालिकाको नेतृत्वले समुदायलाई सहमत गराउन सक्दा संरक्षण अभियान प्रभावकारी बन्छ । संरक्षणमा समुदायको सहभागिताले नै हो, वन र वन्यजन्तु संरक्षण हुने । मध्यवर्ती क्षेत्र बन्दा विभिन्न स्रोतबाट समुदायमा पैसा पुग्छ, त्यो समुदायको विकासमा लगाउन सकिन्छ भन्ने विश्वास बढाउन आवश्यक छ । त्यति मात्रै होइन्, पर्यापर्यटनको विकासबाट लाभ पाउने समुदायले नै हो । बर्दिया, नवलपरासी र चितवनको मध्यवर्ती क्षेत्रका बासिन्दाको जीवनस्तरमा सुधार आएको छ, होम स्टे र होटल खोलेर समुदायले लाभ लिइरहेका छन् ।

मध्यवर्ती क्षेत्र बन्न नसक्नुको कारण कानुन बाझिनु पनि हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को व्यवस्था बाझिनु हो । निकुञ्ज ऐनमा मध्यवर्तीलाई निकुञ्ज वा आरक्षको अधिकार क्षेत्रभित्र राखिएको छ । स्थानीय सरकार सञ्चालन ऐनअनुसार स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्ने विषय मध्यवर्ती घोषणापछि आरक्षको क्षेत्राधिकारभित्र पर्ने भएकाले पनि पालिका नेतृत्व समुदायलाई सहमत गराउन उत्सुक देखिंदैन । बाझिएका कानुनलाई संशोधनमार्फत् समुदायको सहभागिता सुनिश्चित गराउन सक्दा नै संरक्षण अभियान सार्थक बन्छ ।

## नेपाली समाजमा एकताको बाधक

# मूल जरो ब्राह्मणिक हिन्दु वर्णव्यवस्था



झपेन्द्र जिसी

अशोक महान्को हजुरबुबा चन्द्र गुप्त मौर्यले गराएका थिए । नगरलाई बाहृय आक्रमणबाट सुरक्षा गर्न सोना नदीबाट पानी ल्याई खाई अर्थात् नगर वरिपरि जलैजलको नहर बनाइएको थियो र राजधानी शहरका राज परिवार मन्त्री र संभ्रान्त वर्गका घरहरु सबै ढुंङ्गै ढुङ्गाले बनाइएका थिए भने अन्य सर्वसाधारणको सामान्य घर थिए ।

**परिचय**

बौद्ध सम्राट वृहद्रथ मौर्यको आफ्नै सेनापति पुष्यमित्र शुङले हत्या गरेर सम्राट (राजा) भएपछि ब्राहमणिक वर्ण व्यवस्थामा आधारित हिन्दु धर्मको वनारस बोधगयादेखि साकेत अध्योया नेपाल, काठमाडु र पश्चिम लुम्बिनी भेगमा हिन्दु धर्मको विस्तार इंसाको १८० वर्ष को सेरोफेरोमा व्यापक विस्तार प्रचार भएको पृष्ठभूमिमा बौद्ध धर्मको पतन गर्न गराउन राज गुरु भाष्यकार पतञ्जली र पुष्यमित्र शुङले नै प्रारम्भ गरेको पाइन्छ । वर्ण व्यवस्थावादी हिन्दु धर्मको जागरण गर्न सेनापति पुष्यमित्र शुङलाई उक्स्याउन त्यही अनुसारका सिलोक लेखाएर मत्स्य पुराण, भागवत्, मनुस्मृति लगायतका हुलिया दिँदै राजा वृहद्रथको हत्या सेनापति पुष्यमित्र शुङले गरी आफै राजा हुनेछन् भनी आम जनमानसमा मनोवैज्ञानिक प्रभाव पारिएको थियो र हाम्रा पण्डित गुरुहरुले यिनैलाई शास्त्रमा भनिएको छ- भन्दै कथा वाचन गर्दै आउनु भएको पाइन्छ । संस्कृतमा सिलोक वाचन गर्नासाथ त्यसलाई शास्त्र र भगवान्को वाणी भन्ने मनोविज्ञान त समाजमा स्थापित भइसकेको छ । महाविद्वान् जगबहादुर शाहजीको इतिहासमा आधारित भएर लेख्दै छु । वास्तवमा शाहजी नेपाली संस्करणका राहुल सांस्कृतयान नै हुनुहुन्छ । सर ! वादविवाद संवाद गर्दा मलाई पनि आनन्द आएको छ तर हजुरले पनि शास्त्रलाई त मान्नु होला नि ?

पण्डित दाइ- समाज हितकारी, मानव हितकारी शास्त्रलाई नमान्ने त कुरै भएन जुनसुकै भाषामा लेखिएको होस् वा संस्कृत भाषामा होस् । सबै सिलोकहरु शास्त्र कसरी हुन सक्छन् ? संस्कृतमा लेखिनु वा वाचन गरिनु शास्त्र कसरी हुन सक्छन् ? शास्त्र भनिएका हुन त बसुधैव कुटुम्बकं सिलोक बारबार उद्धृत त गर्ने तर सो अनुरुपको व्यवहार गरिन्न भने यसलाई के भन्ने ? के मान्ने ? संस्कृतमा लेखिएका अधिकांश सिलोकले वर्ण व्यवस्था र ब्राह्माण सत्ताको स्थापना र संस्थागत गर्न जोड दिएको पाइन्छ । सर्वसाधारण रनभुल्ल छन् ।

सर ! तपाईसँग संवाद गर्दा मेरो मुखमा बुजो नै लाग्ला जस्तो पो भयो है ।

पण्डित दाइ ! बुजो लाग्न पार्दैन । बुजो लाग्दैन । त्यो हो हजुर जस्ता बुझ्कारीले यथार्थता र सत्यको पक्षपोषण गर्न सक्नुपर्छ । सत्यं वदको व्यवहारको अनुपालन गर्न र अनुशील गर्न सक्नुपर्छ । त्यस्तो नगर्ने फरक व्यवहार गर्ने गरियो भने त मुखमा बुजो लाग्न पनि सक्छ ! किनकि समय परिवर्तन भएको छ । त्यो ईशाको १८० वर्ष ताकाको समय अहिले होइन । समयसँगै समाज पनि गतिशील छ । विज्ञान प्रविधि र ज्ञान विज्ञानले मानव समाज आजको अवस्थामा पुगेको छ ।

पण्डित दाइ सन् १८० को सेरोफेरोमा लिखित मनुस्मृतिहरु र अन्य पुराणहरुको युग यो होइन । त्यो युगका महाराज पुष्यमित्र र महा भाष्यकार पतञ्जलीको युग पनि होइन, नेपालकै सन्दर्भको कुरा गर्ने हो भने १९१० जंग बहादुर राणाको ऐन पद्म शमशेरको ऐन २००४ हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान र त्यही संविधानको मार्गदर्शनमा समाज उपयोगी ऐन कानून बनेका छन् । संविधान, ऐन, कानून संशोधनीय छन् असंशोधनीय छैनन् ।

होइन र पण्डित दाइ सर ! हो भनूँ कि होइन भनूँ म त अकमक्क भएँ ।

पण्डित दाइ- अकमक्क हुन पर्दैन ! महाराज पुष्यमित्र र महाभाष्यकार पतञ्जलीलाई ब्राह्मणिक हिन्दु धर्म संस्कार संस्थागत गर्न कसरत गरेको आधारमा महाफटाहा, महाजाली, महाधूर्त मेरै मुखबाट त नभनूँ तर बौद्ध महाराज बृहद्रथको हत्या गरी राजा बन्न प्रेरित गर्ने गरी बनाएका सिलोकहरु जस्ताको तस्तै सुन्नुस् जानीनजानी बताउँछु, म संस्कृत विज्ञ त होइन तर अनुरागी हुँ । भविष्य पुराण ४-२४-३६, भागवत पुराण १२-१-१६, वाण भट्टकृत हर्ष चरितः छैटौं उच्छ्वास आदि ग्रन्थमा सेनापति पुष्यमित्रले आफ्नै बौद्ध सम्राटको बध गरेर आफै पुष्यमित्र सम्राट हुनेछन् भनी लेखी/लेखाएका थिए ।

संस्कृतमा लिखित र प्रकाशित सिलोक र लेखाइ शास्त्र भन्ने भनाउने र त्यही अनुसार यज्ञ कर्मकाण्ड गर्ने गराउने परम्परा र मान्यता कथित हिन्दु धर्मशास्त्रमा छन् ।

तत्कालीन ब्राह्मणले संस्कृतमा लेखेका अधिकांश सिलोकलाई देववाणी पनि भनिएको छ ।

यहासँम्म कि ब्राह्मणलाई साक्षात देवताका रुपमा स्थापित गरिएको छ, संस्कृतमा लिखित हिन्दु धर्मग्रन्थहरुमा ।

संसारका सारा सम्पत्ति, भूमि, पूँजी, धन द्रव्य, सुनचाँदी, हीरा, मोती, मणि माणिक्य सबै ब्राह्मणकै सम्पत्ति हुन् भन्ने मान्यता स्थापना गरिएका छन् ।

पूर्व जन्मको स्वरुप ब्राह्मण जन्मजात ब्राह्मण हुन्छ र पुनर्जन्ममा पनि ब्राह्मण नै हुनेछ भनिएका छन् ।

ब्राह्मणले जुन कुनै निन्दित र समाजद्रोही काम गरे पनि ऊ ब्राह्मण नै हो । उसकै जातियतामाथि प्रश्न उठाउने ठाउँ छैन ।

शाहजीले पुष्यमित्र शुङ शीर्षकमा ऐतिहासिक एवम् पौराणिक आधारमा टेकेर पुष्यमित्र शुङ लेख लेख्नु भएको लेख रोचक, घोचक र मननीय छ । यो लेखन राम्ररी बुझ्न र नोट टिपोर्ट गर्न मलाई १५ दिनभन्दा बढी लाग्यो । त्यसबारे यहाँ केही लेख्न चाहान्छु ।

बैशाली, मगध, साकेत (अध्योद्धा) लगायत विशाल भारत वर्षका बौद्ध राजा वृहद्रथका सेनापति पुष्यमित्र शुङ हुन् । राजधानी त्यो देशको हालको पटना र तत्कालीन पाटली पुत्र हो ।

हिन्दु ब्राह्मणवादीको उक्साहट र प्रेरणाबाट सेनापति पुष्यमित्र शुङले बौद्ध राजा वृहद्रथको हत्या गरी मगधको सम्राट बने र हिन्दु धर्मको उत्थान गरे । यज्ञ, महायज्ञ, राजसूयको व्यापक थालनी गर्न आदेश दिए । सयौं वर्णवादी ब्राह्मणमध्ये गोनर्दी भाष्यकार पतञ्जली प्रमुख भएको पाइन्छ ।

मगध वैशालीका सैनिकहरुको कवाज प्रदर्शनी राखिएको बहाना बनाई सम्राटलाई सैनिक कवाज अवलोकन गर्न निम्ता गर्दछु भनी पुष्यमित्र शुङले नखरा पाऱ्यो तर सेनापतिको षड्यन्त्र अर्कै थियो भन्ने महाराज वृहद्रथले शुङका शंका उपशंका पनि गरेनन् । सम्राट आफ्नो प्रधान सेनापतिप्रति पूर्ण विश्वस्त थिए ।

ज्ञात रहोस् ब्राह्मणहरुले मत्यपुराण २७२-२७ मा, भविष्य पुराण ४२४-३६ मा, भगवात पुराण १२१-१६ मा, बाणभट्टकृत छैटौं उच्छ्वासमा पुष्यमित्र शुङले वह्दरथको हत्या गरी आफै राजा हुनेछन् भनी उक्साउने काम गरे । यसलाई देववाणी भने ।

पुष्यमित्र सेनापति स्वामिनं हत्वा राज्यं करिस्यति् ।

अर्थ- पुष्यमित्र नामक सेनापतिले आफ्ना स्वामीलाई मारेर आफै राज गर्ने छन्- भविष्य पुराण ४-२४.३६

हत्व वृह्प्रथं मौर्य तस्य सेनापति कलौं ।

पुष्यमित्रत्रस्तु शुङ स्वयं राज्यं करिस्यति ।

भागवत पुराण १२-१-२६

अर्थ कलियुगमा मौर्य सम्राट वह्दरथको हत्या गरेर पुष्यमित्र शुङले राज गर्ने छन् ।

प्रज्ञादुर्बलं च बलदर्शनव्य देशदर्शिताशेष सैन्यः सेनानीरनार्यो मौर्य वृहद्रथं पिपेष पुष्यमित्रः स्वामिनम् ।

अर्थ- अनार्य सेनापति पुष्यमित्रले सैनिक परेड प्रदर्शनी देखाउने बहानामा सारा सैनिकहरुको सामुन्य आफ्ना स्वामी वृह्द्रथलाई मारिदिए ।

लेखक शाह भन्छन्-कथा अब पाटली पुत्रबाट शुरु हुन्छ । पाटली पुत्र नगरको विकास मगधराजले गरेका थिए । यो पाटली पुत्र गंगा नदी र सोन नदीको संगममा थियो र हाल यसलाई पटना मानिन्छ ।

त्यसो त यस नगरको विकासको थालनी अशोक महान्को हजुरबुबा चन्द्र गुप्त मौर्यले गराएका थिए । नगरलाई बाह्य आक्रमणबाट सुरक्षा गर्न सोना नदीबाट पानी ल्याई खाई अर्थात् नगर वरिपरि जलैजलको नहर बनाइएको थियो र राजधानी शहरका राज परिवार मन्त्री र संभ्रान्त वर्गका घरहरु सबै ढुंङ्गै ढुङ्गाले बनाइएका थिए भने अन्य सर्वसाधारणको सामान्य घर थिए । क्रमशः

# विश्व स्तनपान सप्ताह २०८३: स्वस्थ सुरुआतका लागि स्तनपानमैत्री वातावरण आवश्यक

**स्मृती पौडेल, सहप्राध्यापक**

हरेक वर्ष अगस्टको सुरुवाती सातामा विश्वभर विश्व स्तनपान सप्ताह मनाइन्छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ), युनिसेफ तथा साझेदार संस्थाहरूको सहकार्यमा आयोजना हुने यस अभियानले स्तनपानलाई शिशु र आमाको स्वास्थ्य सुधार गर्ने सबैभन्दा प्रभावकारी, सुरक्षित र दिगो उपायका रूपमा प्रवर्द्धन गर्दै आएको छ। यस वर्षको मूल सन्देश "दिगो जीवनको स्वस्थ सुरुआतका लागि स्तनपानः प्रभावकारी अभ्यासलाई थप सुदृढ बनाऔँ" ले प्रत्येक आमा र नवजात शिशुले स्तनपानसम्बन्धी गुणस्तरीय सेवा, परामर्श र आवश्यक सहयोग सहज रूपमा प्राप्त गर्न सक्ने वातावरण निर्माणमा जोड दिएको छ।

स्वास्थ्य संस्था, समुदाय, परिवार, कार्यस्थल तथा सरकारी नीतिबीच प्रभावकारी समन्वयमार्फत स्तनपानमैत्री वातावरण सिर्जना गर्नु यस वर्षको प्रमुख उद्देश्य हो।

**शिशुको पहिलो खोप**

स्तनपान शिशुको पहिलो खोप र सम्पूर्ण प्राकृतिक आहार हो। जन्मेको पहिलो एक घण्टाभित्र स्तनपान सुरु गर्नु, जन्मदेखि पहिलो छ महिनासम्म आमाको दूध मात्र खुवाउनु र त्यसपछि पूरक आहारसँगै दुई वर्ष वा सोभन्दा बढी समयसम्म स्तनपानलाई निरन्तरता दिनु बाल स्वास्थ्यका लागि विश्वव्यापी रूपमा सिफारिस गरिएको अभ्यास हो।

आमाको दूधले शिशुलाई आवश्यक पोषक तत्त्व उपलब्ध गराउनुका साथै रोगप्रतिरोधात्मक क्षमता विकास गर्न, झाडापखाला, निमोनिया तथा अन्य सङ्क्रमणबाट जोगाउन, मस्तिष्कको विकासमा सहयोग पुऱ्याउन र भविष्यमा हुने केही दीर्घकालीन रोगको जोखिम कम गर्न महत्वपूर्ण भूमिका खेल्छ।

स्तनपानले आमाको स्वास्थ्यमा पनि उल्लेखनीय लाभ पुऱ्याउँछ। नियमित स्तनपानले प्रसूति पश्चात् स्वास्थ्य पुनःस्थापनामा सहयोग गर्नुका साथै स्तन तथा डिम्बाशयको क्यान्सर, टाइप-२ मधुमेह तथा केही अन्य नसर्ने रोगको जोखिम कम गर्न मद्दत गर्छ। यसले आमा र शिशुबीचको भावनात्मक सम्बन्धलाई समेत थप सुदृढ बनाउँछ।

तर स्तनपानको अवस्थामा क्रमिक सुधार भए पनि विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको लक्ष्य अझै हासिल हुन सकेको छैन।

**विश्वव्यापी अवस्था**

विश्वव्यापी रूपमा स्तनपानको दरमा सुधार हुँदै गएको छ। सन् २०१२ मा करिब ३७ प्रतिशत रहेको जन्मदेखि छ महिनासम्मको पूर्ण स्तनपान दर हाल ४७ प्रतिशतभन्दा माथि पुगेको छ । त्यसैगरी, दुई वर्षसम्म स्तनपान गराइने बालबालिकाको अनुपात पछिल्ला पाँच वर्षमा ३८ प्रतिशतबाट बढेर ५० प्रतिशत पुगेको छ (डब्लुएचओ, २०२६)।

यी उपलब्धिले आमा र परिवारलाई लक्षित नीति तथा कार्यक्रममा गरिएको लगानी प्रभावकारी भएको देखाउँछन्। तर अझै पनि विश्वका ठूलो संख्याका शिशुहरू सिफारिसअनुसार पूर्ण स्तनपानबाट वञ्चित छन्। त्यसैले प्रभावकारी कार्यक्रमलाई सीमित क्षेत्रमा मात्र नभई सबै आमा र शिशुसम्म पुऱ्याउनु अहिलेको प्रमुख आवश्यकता हो।

**नेपालमा स्तनपानको अवस्था**

नेपालमा पनि स्तनपानको अवस्था विगतका वर्षहरूको तुलनामा सुधार हुँदै गएको छ। तर अझै केही महत्वपूर्ण चुनौती कायम छन् । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार, ५५ प्रतिशत शिशुलाई जन्मेको पहिलो एक घण्टाभित्र स्तनपान गराइन्छ भने ५६ प्रतिशत शिशुले मात्र जन्मदेखि छ महिनासम्म पूर्ण रूपमा आमाको दूध पाउने गरेका छन्।

नेपालमा झन्डै सबै शिशुले जीवनको कुनै न कुनै समयमा स्तनपान गर्ने भए पनि विश्व स्वास्थ्य संगठनले सिफारिस गरेअनुसार पहिलो छ महिनासम्म पूर्ण स्तनपान गराउने अभ्यास अझै अपेक्षित स्तरमा पुग्न सकेको छैन।

स्वास्थ्य संस्थामार्फत दक्ष स्तनपान परामर्श, समुदायमा आधारित परामर्श सेवा, पर्याप्त र सशुल्क प्रसूति बिदा, स्तनपानमैत्री कार्यस्थल तथा आमाको दूधको विकल्पका रूपमा प्रयोग हुने व्यावसायिक दूध तथा अन्य उत्पादनको अनियन्त्रित प्रवर्द्धनमाथि प्रभावकारी नियन्त्रण स्तनपान प्रवर्द्धनका महत्वपूर्ण तथा लागत-प्रभावकारी उपाय हुन्।

यस्ता कार्यक्रमको विस्तार गर्न सके प्रत्येक वर्ष करिब चार लाख बालबालिका र एक लाख ४० हजार आमाको ज्यान जोगाउन सकिने अनुमान विश्व स्वास्थ्य संगठनले गरेको छ। त्यस्तै, स्तनपान प्रवर्द्धनमा गरिएको प्रत्येक एक अमेरिकी डलर बराबरको लगानीबाट स्वास्थ्य उपचार खर्चमा कमी, बालबालिकाको बौद्धिक विकास, शैक्षिक उपलब्धि तथा भविष्यको आम्दानीमा सुधारमार्फत करिब ५९ अमेरिकी डलर बराबरको आर्थिक प्रतिफल प्राप्त हुने आकलन गरिएको छ।

यस अर्थमा अबको चुनौती कुन उपाय प्रभावकारी छ भन्ने होइन, प्रभावकारी कार्यक्रमलाई पर्याप्त लगानीसहित सबै आमा र शिशुसम्म कसरी विस्तार गर्ने भन्ने हो।

**'अमृत कोष' : आवश्यक नवजातका लागि जीवनदायी मानव दूध**

नेपालमा स्तनपान प्रवर्द्धनका लागि बेबी फ्रेन्ड्ली हस्पिटल इनिसिएटिभ, स्तनपान परामर्श सेवा तथा मानव दूध बैंकजस्ता कार्यक्रम सञ्चालन भइरहेका छन्।

स्तनपानसम्बन्धी उपयुक्त अभ्यासको कमी, आमाको दूधको सीमित उपलब्धता तथा त्यसबाट वञ्चित नवजात शिशुको स्वास्थ्यमा देखिने चुनौतीलाई सम्बोधन गर्ने उद्देश्यले नेपालको पहिलो मानव दूध बैंक 'अमृत कोष' सन् २०२२ अगस्टमा परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा स्थापना गरिएको हो।

विशेषगरी समयअघि जन्मिएका, कम तौल भएका वा बिरामी नवजात शिशुका लागि मानव दूध बैंक महत्वपूर्ण सेवाका रूपमा विस्तार भइरहेको छ । आमाको बिरामी अवस्था, पर्याप्त दूध उत्पादन नहुनु, आमाको मृत्यु, शिशुको समयअगावै जन्म वा अन्य चिकित्सकीय कारणले आमाको दूध उपलब्ध हुन नसक्ने अवस्थामा सुरक्षित रूपमा सङ्कलन र प्रशोधन गरिएको दाता आमाको दूध महत्वपूर्ण विकल्प बन्न सक्छ।

मानव दूध बैंकले स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाद्वारा जारी वृहत् स्तनपान व्यवस्थापन केन्द्र सम्बन्धी निर्देशिका मा उल्लेखित कार्यसम्पादन मापदण्डलाई अवलम्बन गर्दै सेवा सञ्चालन गरिरहेको छ।

यी प्रक्रियाहरू दाता आमाको पहिचान तथा छनोटबाट सुरु भई दाता आमाको दूध सङ्कलन, परीक्षण, प्रशोधन, भण्डारण तथा आवश्यकताअनुसार प्राप्तकर्ता नवजात शिशुलाई उपलब्ध गराउने चरणसम्म निरन्तर सञ्चालन हुन्छन्।

हालसम्म ३,७४२ जना दाता आमाबाट करिब २,३४३ लिटर मानव दूध सङ्कलन गरी ४,७९२ जना आवश्यकतामा रहेका नवजात शिशुलाई दूध उपलब्ध गराइएको छ । यो उपलब्धिले मानव दूध बैंकले समयअघि जन्मिएका, कम तौल भएका तथा बिरामी नवजात शिशुको जीवनरक्षामा पुऱ्याउन सक्ने योगदानलाई स्पष्ट पार्छ।

**किन आवश्यक छ 'अमृत कोष' ?**

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल नेपालकै प्रमुख प्रसूति सेवा प्रदान गर्ने तथा राष्ट्रिय रेफरल अस्पताल हो । अस्पतालमा वार्षिक २० हजारभन्दा बढी प्रसूति हुने गरेका छन् । तीमध्ये करिब ३०-४० प्रतिशत प्रसूति सिजेरियन शल्यक्रियामार्फत हुने गरेका छन्।

अस्पतालमा हुने कुल प्रसूतिमध्ये करिब ११.१४ प्रतिशत शिशु कम तौलका जन्मिन्छन् भने ३.६ प्रतिशत शिशु समयअघि (Preterm) जन्मिने गरेका छन् । साथै, प्रत्येक वर्ष २०० भन्दा बढी नवजात शिशु विशेष नवजात शिशु स्याहार इकाईमा भर्ना हुने गर्छन्।

यस्ता नवजात शिशुमध्ये करिब ३५-४० प्रतिशतलाई उपचार अवधिमा डोनर आमाको दूध आवश्यक पर्ने गर्छ। त्यसैले मानव दूध बैंक केवल दूध सङ्कलन र वितरण गर्ने संरचना मात्र नभई जोखिममा रहेका नवजात शिशुको पोषण तथा जीवनरक्षासँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण स्वास्थ्य सेवा हो।

**कामकाजी आमाका लागि चुनौती**

स्तनपान प्रवर्द्धनमा अझै धेरै चुनौती छन् । बढ्दो शहरीकरण, कामकाजी आमाको संख्यामा वृद्धि, प्रसूति बिदापछि छिट्टै काममा फर्किनुपर्ने बाध्यता, कार्यस्थलमा स्तनपान वा दूध सङ्कलन गर्ने उपयुक्त स्थानको अभाव, स्तनपानसम्बन्धी अपर्याप्त परामर्श तथा आमाको दूधको विकल्पका रूपमा प्रयोग हुने उत्पादनको बढ्दो प्रचारप्रसार प्रमुख चुनौतीका रूपमा देखिएका छन्।

स्तनपान सफल बनाउन आमाको इच्छाशक्ति मात्र पर्याप्त हुँदैन । परिवार, स्वास्थ्य संस्था, रोजगारदाता, समुदाय र राज्यको निरन्तर सहयोग आवश्यक हुन्छ।

नेपाल सरकारले हालै प्रसूति बिदालाई छ महिनासम्म विस्तार गर्ने प्रस्ताव अघि सारेको छ । यो प्रस्ताव कार्यान्वयनमा आएमा आमाहरूलाई शिशुको जीवनको पहिलो छ महिनासम्म पूर्ण स्तनपान गराउने विश्व स्वास्थ्य संगठनको सिफारिसलाई व्यवहारमा उतार्न थप सहज हुनेछ।

यसले मातृ स्वास्थ्य, नवजात शिशुको पोषण तथा परिवारको समग्र कल्याणमा सकारात्मक प्रभाव पार्नुका साथै महिलामैत्री र स्तनपानमैत्री कार्यस्थल निर्माणतर्फ पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

**स्तनपान सबैको साझा जिम्मेवारी**

स्तनपान केवल आमाको व्यक्तिगत जिम्मेवारी होइन; यो परिवार, समुदाय, स्वास्थ्य संस्था, रोजगारदाता र सरकार सबैको साझा दायित्व हो । सरकारको नीति वा आमाको इच्छाशक्ति मात्र पर्याप्त हुँदैन । परिवारको साथ, स्वास्थ्य संस्थाको दक्ष परामर्श, कार्यस्थलको अनुकूल वातावरण, समुदायमा आधारित सहयोग तथा राज्यको प्रभावकारी नीति र कार्यान्वयनले मात्र आमालाई आत्मविश्वासका साथ शिशुलाई स्तनपान गराउन सहज बनाउँछ।

विशेषगरी आमाहरूले दैनिक जीवनमा अपनाउन सक्ने केही सरल र दिगो अभ्यास तथा वरपरको सहयोगी वातावरणले स्तनपानलाई अझ प्रभावकारी बनाउन सक्छ। जन्मेको पहिलो घण्टामै स्तनपान सुरु गर्ने, पहिलो छ महिनासम्म आमाको दूध मात्र खुवाउने, आवश्यकता पर्दा दक्ष स्वास्थ्यकर्मीबाट स्तनपानसम्बन्धी परामर्श लिने तथा काममा फर्किएपछि पनि स्तनपानलाई निरन्तरता दिन उपयुक्त योजना बनाउने अभ्यास महत्वपूर्ण छन्।

त्यसैले विश्व स्तनपान सप्ताह केवल एक साताको अभियानमा सीमित हुनुहुँदैन । हरेक दिन, हरेक स्वास्थ्य संस्था, हरेक परिवार र हरेक कार्यस्थलले स्तनपानलाई सहज बनाउने वातावरण निर्माण गर्नुपर्छ । स्वस्थ शिशु, स्वस्थ आमा र स्वस्थ पुस्ताको आधारका रूपमा स्तनपानलाई प्रवर्द्धन गर्न अब आमालाई मात्र जिम्मेवार बनाउने होइन, आमालाई सहयोग गर्ने सम्पूर्ण प्रणालीलाई बलियो बनाउन आवश्यक छ। स्वास्थ्य खबरबाट

# ‘अन्तर्राष्ट्रिय उडानको लागि प्रदेशस्तरीय सहजीकरण संयन्त्र’



सुदीप भण्डारी
*बुटवल*

भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको ४ वर्ष भन्दा बढि भइसक्यो । तर यहाँबाट नियमित रुपमा अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन । डेढ वर्षअघि विन्टर सिजनमा केही महिना जजिरा एयरवेज, फ्लाइ दुबई र थाइ एयर एशियाले भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गरेका थिए। तर अहिले गौतम बुद्ध विमानस्थल अन्तर्राष्ट्रिय उडान विहिन छ। पछिल्लो समयमा नीजि क्षेत्रबाट पनि अन्तर्राष्ट्रिय उडानको खासै पहल भएको देखिएको छैन ।

तर अब निजी क्षेत्रले व्यवसायीक एकता कायम गर्दै भैरहवाबाट अन्तर्राष्ट्रिय उडान र लुम्बिनी क्षेत्रको प्रवर्द्धनमा अघि बढ्न कत्ति पनि ढिला गर्न हुँदैन । अन्तर्राष्ट्रिय उडानको लागि अब शहर केन्द्रीत संघर्ष समिति होइन । प्रदेश स्तरिय सहजिकरण संयन्त्र बन्नुपर्छ। त्यसका लागि नेपाल उद्योग बाणिज्य महासंघ लुम्बिनी प्रदेश, नेपाल चेम्बर अफ कमर्श लुम्बिनी प्रदेश, भरखरै गठन भएको होटल संघ नेपाल लुम्बिनी प्रदेश, नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस(नाट्टा) लुम्बिनी र सोसाइटी अफ ट्राभल एण्ड टुर अपरेटर (सोट्टो) लुम्बिनी एक ठाउँमा आएर छलफल गर्नुपर्छ । छलफलबाट साझा कार्यक्रम र योजना बनाउनुपर्छ। यहाँ नाम उल्लेख नभएका केही संघ संस्थालाई पनि समेट्न सकिन्छ ।

छलफलबाट भैरहवाको अन्तर्राष्ट्रिय उडानको लागि सरकारलाई सहजीकरण गर्ने, विदेशी हवाइ कम्पनीहरुसँग सहकार्य बढाउने, अन्तर्राष्ट्रिय उडानका जहाज र यात्रु आकर्षित गर्ने, विमानस्थलको अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार गर्ने लगायतका योजना र कार्यक्रम बनाउने गरि अघि बढ्न सके मात्र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रभावकारी रुपमा सञ्चालनमा सहज हुन्छ। त्यसका लागि निम्न कुराहरु गर्नुपर्छ।

**लुम्बिनी तथा अन्तर्राष्ट्रिय उडान प्रवर्द्धन समिति गठन**

सुरुमा माथि उल्लेखित प्रदेशस्तरीय व्यवसायिक तथा पर्यटन सम्बद्ध संघ संस्थाका पदाधिकारीहरु एक ठाउँमा बसेर छलफल छलफल गर्नुपर्छ । छलफलबाट भैरहवाबाट नियमित अन्तर्राष्ट्रिय उडान र बुद्ध जन्मस्थल लुम्बिनीको प्रवर्द्धनको लागि निजी क्षेत्रबाट एउटा साझा संयन्त्र बनाउने। जसको नाम लुम्बिनी तथा अन्तर्राष्ट्रिय उडान प्रवर्द्धन परिषद् वा समिति हुन सक्छ । सो संयन्त्रमा उल्लेखित संघ संस्थाबाट दुई दुई जनाका दरले सहभागी हुने । सर्वसम्मतीमा वा आलोपालो समितिको संयोजक तोक्ने । यो समितिले लुम्बिनी र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रवर्द्धनको लागि निरन्तर काम गर्नुपर्छ ।

**साझा धारणा र योजना**

लुम्बिनी तथा अन्तर्राष्ट्रिय उडान प्रवर्द्धन समितीले लुम्बिनीको पर्यटन प्रवर्द्धन र अन्तर्राष्ट्रिय उडानका सम्बन्धमा साझा धारणा तयार गर्नेछ । लुम्बिनीमा थप विदेशी पर्यटक आकर्षित गर्न र भैरहवाबाट नियमित अन्तर्राष्ट्रिय उडानका लागि निजी क्षेत्रले गर्नुपर्ने कामहरुको सूची तयार पाने छ । त्यस्तै सरकारलाई दिने सुझाबहरु पनि लिपीबद्ध गर्नेछ । प्रदेश सरकार, पालिका र अन्य सरोकारवालाहरुले गर्नुपर्ने कामहरुको बारेमा खाका तयार गर्ने छ । समितिको नियमित बैठक बसेर आफ्नो कामको समिक्षा गर्ने छ ।

**सरकारसँग नियमितरुपमा समन्वय**

समिति गठन भएपछि भैरहवाको अन्तर्राष्ट्रिय उडानको लागि नियमित रुपमा संघिय सरकार र मातहतका निकायसँग छलफल र समन्वय हुने छ। प्रधानमन्त्री, पर्यटनमन्त्री, नागरिक उड्यन प्राधिकरणका पदाधिकारीसँग भेटघाट गरि पर्यटन प्रवर्द्धन र भैरहवाको अन्तर्राष्ट्रिय उडानको लागि निरन्तर दबाब दिने छ । साथै प्रदेश सरकार र स्थानिय तहहरुसँग पनि छलफल र समन्वय गरि अन्तर्राष्ट्रिय उडानको वतावरण बनाउन भूमिका खेल्ने छ ।

**अन्तर्राष्ट्रिय एयरलाइन्सहरुसँग समन्वय र सम्वाद**

समितीले नेपाल बायुसेवा निगमलाई भैरहवामा अन्तर्राष्ट्रिय उडानको लागि अनुरोध गर्ने छ। निगम र हिमालयन एयरलाइन्सलाई कम्तीमा एउटा जहाज भैरहवा बेस भएर नियमित उडान गर्न अनुरोध र पहल गर्ने छ। यो समितिले विदेशी एयरलाइन्सका नेपाल स्थित अधिकारीहरुसँग नियमित संबाद गरि भैरहवामा उडान गर्दा हुने फाइदा र अवसरका बारेमा जानकारी गराउने छ।

विगतमा भैरहवामा उडान गरेका र उडान गर्न सक्ने अन्य एयरलाइन्सका विदेश स्थित प्रधान कार्यालयको भ्रमण पनि गर्ने छ । जस अनुसार कुवेत पुगी जजिराको हेडक्वाटरको भ्रमण, युएइमा फ्लाइ दुबई र क्वालालाम्पुरमा थाइ एयर एशियाको मुख्यालयमा पुगि भैरहवाको उडानको बारेमा जानकारी दिने छ। त्यस्तै अरु एयरलाइन्स कम्पनीको पनि भ्रमण गरी भैरहवामा अन्तर्राष्ट्रिय उडान गर्न आग्रह गर्ने छ।

**थाइल्याण्ड भ्रमण**

थाइ एयर एशियाले यसअघि दुई वटा सिजनमा बैंकक-भैरहवा-बैंकक उडान गरेको थियो । आगामी कार्त्तिकबाट यो एयरलाईन्सले भैरहवामा उडान गर्ने सम्भावना छैन। तर समितिले उडान गर्न पहिल गर्नुपर्ने छ । थाइल्याण्ड बुद्ध धर्मावलम्बीको बाहुल्य भएको देश हो। भैरहवामा थाइ एयर एशियाको फेरि अन्तर्राष्ट्रिय उडान भएमा थाइ बुद्धिष्ट पर्यटकलाई बुद्धजन्मस्थल लुम्बिनी आउन सहज हुन्छ । त्यसैले विन्टर सिजनको उडानको लागि थाइ एयर एशियालाई भैरहवामा पुन अन्तर्राष्ट्रिय उडान गर्न विशेष आग्रह र पहल गर्नुपर्छ।

आगामी विन्टर सिजनमा उसले उडान गर्ने भएमा समितिले एयरलाइन्सलाई समन्वय र सहजिकरण गर्ने । बैंकक भैरहवा उडान भएमा लुम्बिनी र अन्तर्राष्ट्रिय विमानस्थलको प्रवर्द्धन गर्न सरकारी टोली र निजी क्षेत्र थाइल्याण्ड पुग्नुपर्छ । लुम्बिनीको नजिकमा अन्तर्राष्ट्रिय विमानस्थल छ र सिधा उडानमा पुग्न सकिन्छ भन्ने सन्देश थाइल्याण्डमा प्रवाह गर्नुपर्छ ।

त्यसको लागि सुरुमा पर्यटन मन्त्रीसहितको टोली थाइल्याण्ड गइ त्यहाँ प्रवर्द्धनात्मक कार्यक्रम गर्ने। त्यहाँको कार्यक्रममा थाइल्याण्डका पर्यटन मन्त्री, पर्यटनसँग सम्बन्धित अधिकारी, बुद्ध धर्मलम्बी तथा अनुयायी, पर्यटनव्यवसायीहरुसँग छलफल गरि भैरहवाको अन्तर्राष्ट्रिय उडान र लुम्बिनीको बारे जानकारी दिने ।

**व्यवसायिक संघ संस्थाको बुद्धिष्ट देशमा भ्रमण**

कार्त्तिकमा भैरहवा-बैंकक नियमित भयो भने यहाँका व्यवसायीक संघ-संस्थाको टोली पालैपालो थाइल्याण्ड भ्रमण गरेर लुम्बिनी र भैरहवाको अन्तर्राष्ट्रिय उडानको प्रचार प्रसार गर्नुपर्छ । एउटा उडानमा उद्योग बाणिज्य महासंघ लुम्बिनीको टोली, अर्को उडानमा सिद्धार्थ उद्योग वाणिज्य संघको टोली, क्रमश, अरु उडानमा सिद्धार्थ होटल संघ, नाट्टा, सोट्टो, चेम्बर लगायत एउटा संस्थाबाट १५-२० जनाको दरले थाइल्याण्ड भ्रमण गर्ने ।

यसरी व्यवसायीक संस्थाले एकपछि अर्को उडानमा थाइल्याण्ड जाने हो भने जहाजले पनि लोड राम्रो पाउँछ । जहाजले लोड पाउँदा उडान नियमित हुने र थपिने सम्भावना बढ्छ। लुम्बिनीको प्रचार-प्रसार पनि हुन्छ । यसरी भ्रमणमा जाँदा बुद्धधर्मलम्बी देश थाइल्याण्ड र लुम्बिनीबीचको सम्बन्ध पनि बढ्छ । थाइल्याण्डपछि बर्मा, भियतनाम, जापान, कोरिया लगायतका अरु बुद्ध धर्मलम्बीको बाहुल्य भएको देशमा पनि लुम्बिनीको प्रचार प्रसार र प्रवर्द्धन गर्न जानुपर्छ। बैंकक भैरहवा सिधा उडानमा लुम्बिनी आउन सकिन्छ भन्ने सन्देश प्रवाह गर्नुपर्छ।

**प्रोत्सान तथा सहुलियतको सुविधा**

कुनै एयरलाइन्सले भैरहवामा अन्तर्राष्ट्रिय उडान गरेमा आउने यात्रुहरुको लागि विभिन्न सुविधा तथा प्रोत्साहनको व्यवस्था गर्नुपर्छ । होटलको कोठा यातायात लगायतमा छुट सुविधा दिने । विगतमा जस्तै जजिरा र फ्लाइ दुबईले फेरि उडान गरेमा भैरहवा अवतरण गर्ने यात्रुलाई एक छाक निशुल्क खाना, होटल बस्न चाहेमा ५० प्रतिसत छुटमा कोठा, बुटवसम्म पुग्न निःशुल्क सटल बस, टाढाका जिल्लामा जानको लागि यातायातको भाडामा छुट लगायतका सुविधा दिने हो भने यात्रुहरु काठमाडौको सट्टा भैरहवा विमानस्थल प्रयोग गर्छन् ।

**भैरहवाको अन्तर्राष्ट्रिय उडानको प्रचारप्रसार**

विगतमा भैरहवाबाट अन्तर्राष्ट्रिय उडान हुँदा हामीले कतिपय कुरामा ध्यान दिएनौं । अब उडान भयो भने त्यसबाट पाठ सिकेर अघि बढ्नुपर्छ । भैरहवामा अन्तर्राष्ट्रिय उडान भएमा चितवनदेखि सुदुरपश्चिमसम्मको लागि विदेश जान र आउन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पायक पर्दछ। भोलीका दिनमा थाइ एयर एशिया, जजिरा या अरु अन्तर्राष्ट्रिय उडान सुरु भएमा यो समितिले दाङ, नेपालगञ्ज, धनगढी लगायतका ठाउँमा पुगी कार्यक्रम गर्नुपर्छ । विदेश जाँदा र आउँदा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गर्न आग्रह गर्दै प्रचार प्रचार अभियान चलाउनुपर्छ । बुटवल नारायणगढ सडक सहज भएपछि चितवनबाट काठमाडौं जान भन्दा भैरहवा आउन सहज हुन्छ। त्यसैले चितवन पनि पुगेर भैरहवाको अन्तर्राष्ट्रिय उडान बारे सन्देश प्रवाह गर्नुपर्छ।

अब नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुर कुमार श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्श लुम्बिनी प्रदेशका अध्यक्ष टंक पोखरेल, होटल संघ नेपाल लुम्बिनी प्रदेशका अध्यक्ष सिपी श्रेष्ठ, नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस(नाट्टा) लुम्बिनीका अध्यक्ष चन्द्र थापा र सोसाइटी अफ ट्राभल एण्ड टुर अपरेटर (सोट्टो) लुम्बिनीका अध्यक्षलगायत सबै सरोकारवालाहरु एक ठाउँमा आएर छलफल गरेर अघि बढ्ने हो भने भैरहवाबाट अन्तर्राष्ट्रिय उडानको पहल गर्न धेरै सहज र प्रभावकारी पनि हुन्छ।

# प्रचारप्रसार र पूर्वाधार निर्माण अभावमा ओझेलमा परेको गोङ्गी मन्दिर

नेपालगञ्ज । बाँके जिल्लाको जानकी गाउँपालिका-३ स्थित गोङ्गी मन्दिर आवश्यक प्रचारप्रसार र भौतिक पूर्वाधारको अभावमा ओझेलमा परेको छ।

सडकको पूर्वाधारको विकास तथा पूजाआजा र भजनकीर्तन नभएका कारण त्यस मन्दिर ओझेलमा परेको जनाउँदै त्यसका लागि आवश्यक पहल गर्न प्रदेश सरकार र गाउँपालिकासँग स्थानीयले माग गरेका छन्।

मन्दिर व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष राजकुमार बर्माले बागेश्वरीको शक्तिपीठका रुपमा मन्दिर निर्माण गरिएको जानकारी दिँदै त्यहाँ गएर मुण्डन गर्दा लाभ मिल्ने धार्मिक विश्वास रहेको बताए। नवरात्रमा त्यस दर्शनार्थीको घुइँचो लाग्ने तथा छोराछोरीको कपाल मुण्डन पनि मन्दिरमा हुने गरेको पाइएको छ।

कतिपय बिरामी भारतका विभिन्न सरहमा उपचार गरेर निको नभएमा त्यस मन्दिरमा आएर दर्शन गरे निको हुन्छ भन्ने धार्मिक जनविश्वास रहेको अध्यक्ष बर्माको भनाइ छ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्टूस, नाट्टा बाँके च्याप्टरका संस्थापक अध्यक्ष श्रीराम सिग्देल बागेश्वरी शक्तिपीठको भगिनी गोंगी माता रहेको औँल्याउँदै अस्पताल धाएर पनि बिरामी निको नभएपछि त्यहाँ पूजाआजा र दर्शन गरे लाभ मिल्ने धार्मिक विश्वास रहेको बताउँछन्।

उनले स्थानीय सरकारलगायत सरोकार भएका निकायलाई मन्दिरको प्रचारप्रसार र संरक्षणमा चासो दिन आग्रह गर्दै सडक पूर्वाधारको विकासमा जोड दिए । अध्यक्ष सिग्देलले भने-“यस क्षेत्रको विकासले धार्मिक सर्किटका रुपमा पर्यटन प्रवर्द्धनमा टेवा दिन सक्छ।”

नेपालगन्जका प्रकाश कुँवरले बोली नफुरेका बालबालिकालाई त्यो मन्दिरमा पूजाआजा गरेपछि बोल्ने गरेको हुँदा त्यहाँको महत्व विशिष्ट प्रकृतिको भएको प्रतिक्रिया दिए। “यहाँ पुराना फलफूलका बिरुवा छन्, जसले इतिहास बोलिरहेका छन्”, गोङ्गी माताको महिमाबारे जानकारी दिँदै उनले भने-“बर्मा समुदायले त्यस मन्दिरको व्यवस्थापन गर्दै आएका छन्।”

नेपालगञ्जको कारकाँदो चोकबाट पश्चिम उत्तरमा झन्डै ६ किलोमिटरको दूरीमा रहेको उक्त मन्दिरमा खास गरी नवरात्रका समयमा गोङ्गी देवीको दर्शन र पूजाआजाका लागि तीर्थयात्री बढी संख्यामा पुग्ने गरेको पाइएको छ।

# हात्ती र गोही प्रजनन् केन्द्रमा निःशुल्क प्रवेश



चितवन । चितवन राष्ट्रिय निकुञ्जको खोरसोरस्थित हात्ती प्रजनन केन्द्र र कसरामा रहेको गोही प्रजनन केन्द्रमा पर्यटकका लागि निःशुल्क प्रवेश सुविधा प्रदान गरिने भएको छ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले सङ्कलन गर्दै आएको शुल्क साउन ४ गतेदेखि लागू हुनेगरी हटाएपछि आन्तरिक तथा बाह्य पर्यटकका लागि अवलोकन शुल्क हटाइएको हो । यहाँ अवलोकनमा आउने विदेशीलाई रु १००, स्वदेशी पर्यटकलाई रु ५० र विद्यार्थीका लागि रु ३० प्रवेश शुल्क तोकिएको थियो।

सौराहा आउने पर्यटक प्रजनन केन्द्र अवलोकन गर्न रुचाउने गर्दछन् । सौराहाको हात्ती प्रजनन् केन्द्रबाट रु करिब रु ७० लाख र गोही प्रजनन केन्द्रबाट करिव रु ४० लाख प्रवेश शुल्क असुली हुने गरेको थियो।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले निकुञ्जले शुल्क लिन नियमावलीले नदिएको र ट्रष्टमार्फत् शुल्क असुल गर्दा अफ्ठ्यारो हुन सक्ने भएकाले हालका लागि शुल्क हटाइएको जानकारी दिए । हात्ती प्रजनन केन्द्रमा पर्यटकले हात्तीको रहनसहन, स्याहारसुसारका बारेमा ज्ञान लिनाका साथै माउ र बच्चा खेलेको दृश्यमा रमाउने गर्छन्।

प्रजनन् केन्द्रका प्रमुख मनपुरन चौधरीले यहाँ दैनिक झन्डै ४०० पर्यटक अवलोकनका लागि आउने गरेको बताउँछन् । विसं २०४४ मा स्थापना भएको उक्त केन्द्रमा अहिलेसम्म ६९ वटा छावा जन्मिएका छन् । भारतबाट चारवटा र थाइल्यान्डबाट एउटा गरी पाँचवटा हात्तीबाट हात्ती प्रजनन् केन्द्र स्थापना गरिएको थियो।

प्रजनन् केन्द्रमा नौ वटा माउ र सात वटा छावा छन् । गोही प्रजनन् केन्द्रमा करिब ५०० गोही रहेका छन्। नदीबाट अण्डा जम्मा गरेर बच्चा हुर्काउने गरिन्छ। यहाँ हुर्किएका गोहीका बच्चा नदीमा छोड्ने गरिएको छ। माउसँग खेल्दै गरेका हात्तीका छावा र पानीमा तैरिरहेका गोही हेर्न पर्यटक रुचाउने गर्छन्।


## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः२०८३/०४/२६

यस मधुवन सामुदायिक वन उपभोक्ता समूह वाणगंगा -८ अधुवन कपिलवस्तुले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय कपिलवस्तुको संकलन सहमति अनुसार आ.व. ०८२/०८३ मा संकलन गरि उत्पादन भएका काठ /दाउरा मध्ये सा.व.उ.स. को घाटगद्दीमा विभिन्न लटहरू बनाई राखिएको साल, असना, खयर तथा अन्य जातको ४५९४.४७ क्युफिट काठ र साल र अन्य जातको दाउरा १६ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सूचना प्रकाशीत गरिएको छ। रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ /दाउरा) संचालनमा रहेका उद्योगले मात्र यो सूचना प्रथम / दोस्रो पटक प्रकाशीत भएको मितिले २१ दिन भित्र बोल पत्र खरिद गरि २२ औं दिनको दिउँसो २ बजे भित्रमा समुहको कार्यालयमा प्रत्येक लटका छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बधी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिन्छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय सूचना पाटीमा टाँस गरिएको अनुरोध छ।

**मधुवन सामुदायिक वन उपभोक्ता समूह.**
**वा.न.पा. -८ मधुवन, कपिलवस्तु**
**सम्पर्क नं : ९८४९५८९६८५, ९८५७०५४७७८**



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
(प्रशासन शाखा) सिद्धार्थनगर, रूपन्देही

## प्रमाणित सम्बन्धमा

मितिः २०८३ / ०४ / २६

जिल्ला रूपन्देही सैनामैना नगरपालिका वडा नं. ०१ बस्ने नर बहादुर स्वती मगरले आफु भारतीय पेन्सनर 3/1GR, T.S.NO. 117243, P.P.O.NO.S/020278/1985 आर्मी नं. 5041770 टी. एस. नायक पदको पेन्सनर रहेकोमा निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर रंग कुमारी स्वती उल्लेख भएको र निजको पेन्सन अभिलेखमा पत्नीको नामथर र कुमारी मगर्नी उल्लेख भई नामथर फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित सैनामैना नगरपालिका ०१ नं. वडा कार्यालयको च.नं. १८९ मिति २०८३/०४/१५ को सिफारिस पत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ।



प्रमुख जिल्ला अधिकारी


**राजदूत...**

आफूले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट शुभकामना व्यक्त गरेको तथा नेपाल-भारत बीचको बलियो र बहुआयामिक साझेदारीलाई थप सुदृढ बनाउने विषयमा सार्थक विचार आदानप्रदान भएको उनले जानकारी दिएका छन्।

प्रधानमन्त्री सचिवालयले जारी गरेको प्रेस नोटमा भेटवार्तामा नेपाल-भारतबीचको द्विपक्षीय मित्रता, पारस्परिक हित, विकास साझेदारी तथा सहकार्यका विविध विषयमा छलफल भएको उल्लेख छ। नेपालका प्रधानमन्त्रीसँग राजदूतको भेटलाई भारतले आफ्नो कुटनीतिक जितका रुपमा लिने छ । पहिलो भेट भारतीय राजदूतलाई दिएपछि बालेनले पहिलो भ्रमण पनि भारतमै गर्न सक्ने आँकलन गर्न थालिएको छ।

भारतले प्रधानमन्त्री शाहलाई भ्रमणको निम्तो गरिसकेको बताए पनि नेपाल सरकारका तर्फबाट औपचारिक पुष्टि गरिएको छैन।

यसअघि नयाँ सरकार बनेपछि प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण भारतबाट गर्ने कर्मकाण्डी परम्परा थियो । तर प्रधानमन्त्री निकट स्रोतहरु भ्रमणबारे कुनै निर्णय नभएको बताउँछन्।

प्रधानमन्त्रीले सोमबारै चिनिया राजदूतसँग पनि भेटटेका छन् । चिनिया राजदूतसंगको यो भेटघाट चाहीँ सन्तुलन मिलाउनका लागि तय भएको हो।

भारतीय राजदूतलाई मात्रै बेग्लै भेट्दा प्रश्न उठ्न सक्ने भएकाले दुवै छिमेकीलाई समान महत्व दिएको देखाउन यो रणनीति अपनाइएको हो । राजदूतहरुसँग छुट्टाछुट्टै नभेट्ने भनेर आफैंले बनाएको प्रोटोकल प्रधानमन्त्रीले तोडैको विषयमा प्रधानमन्त्रीका प्रेस सल्लाहकार दीपा दाहालले कार्यव्यस्तताले नभेटेको बताइन्।


## सूचना। सूचना॥ सूचना।।।

गुल्मी जिल्ला साविक हस्तिचौर गा.वि.स. वडा नं. ०३, हाल इस्मा गाउपालिका वडा नं. ०१, निवासी भारतीय पेन्सनर जे सी नं. ६१७३२९ का सुवेदार लाल बहादुर थापा २।५ गोर्खा-राईफलको जन्म मिति ई.सं. २८ दिसम्बर १९५८ तदनुसार वि.सं. २०१३।९।१५ उल्लेख भएको र पत्नीको नामथर लक्ष्मी देवी थापा जन्म मिति ई.सं. १३ जनवरी १९६३ तदनुसार वि.सं. २०१९/९/२९ उल्लेख भएको र नेपाली नागरिकता नं. ८०६ मा नामथर लाल बहादुर कुंवर जन्म मिति वि.सं. २०१३।१०।१५ तदनुसार ई.सं. २८ जनवरी १९५७ तथा पत्नीको नागरिकता नं. १३२४ मा नामथर लक्ष्मी देवी कुंवर जन्म मिति वि.सं. २०२४/०७/२२ तदनुसार ई.सं. ०८ नोभेम्बर १९६७ उल्लेख भई फरक परेको भएता पनि उपरोक्त फरक विवरण भएको व्यक्ति एउटै भएको र उपरोक्त फरक विवरणसंग कसैको विवरण मिल्न गएमा सम्बन्धित वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा दावी विरोध गर्नका निमित्त यो सूचना प्रकाशन गरिएको छ।



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



गलेश्वरधाममा भक्तजनको भीड

म्याग्दीको बेनी नगरपालिका-९ स्थित गलेश्वर मन्दिरमा सोमबार पूजाआजाका लागि आएका भक्तजनहरूको घुइँचो। कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको विशाल चट्टानमाथि अवस्थित गलेश्वरमा साउन महिनाका सोमबारका दिन धार्मिक मेला लाग्ने गर्छ। तस्विरः रासस

# पत्रकार महासंघको साधारणसभा




बुटवल। नेपाल पत्रकार महासंघ रुपन्देहीको वार्षिक साधारणसभा सोमबार बुटवलमा एक कार्यक्रमका बिच सम्पन्न भएको छ।

महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य रामराज पोखरेलको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्व अध्यक्ष तथा वरिष्ठ पत्रकार डा. बालकृष्ण चापागाईं, महासंघ रुपन्देहीका पूर्व अध्यक्ष डि.आर. घिमिरे, पूर्व अध्यक्ष तथा सल्लाहकार शेरबहादुर केसी, पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्षद्वय रामप्रसाद आचार्य, मिना ढकाल, महासंघ रुपन्देहीका सल्लाहकार विनोद परियार, प्रगतिशील पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष श्यामलाल पोखरेल, अग्रज पत्रकार नारायणप्रसाद सापकोटालगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा खेम ओमी महिला सशक्तिकरण पत्रकारिता पुरस्कार - २०८१ बाट पत्रकार पूजा पन्थी र २०८२ बाट माया केसीलाई नगद राशी २१/२१ हजारसहित पुरस्कृत एवं सम्मानित भए। कार्यक्रममा प्रगति प्रतिवेदन रुपन्देही शाखा सचिव सीपी खनाल र कोषाध्यक्ष नरेश केसीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

महासंघ रुपन्देहीका उपाध्यक्ष विश्वास ढकालको स्वागत मन्तव्यबाट प्रारम्भ भएको कार्यक्रमको अन्त्यमा धन्यवाद ज्ञापन उपाध्यक्ष अस्मिना पाण्डेले गरेकी थिइन्। साधारणसभामा नेपाल पत्रकार महासंघ रुपन्देही शाखाको नयाँ नेतृत्व आएपछि गरिएका विभिन्न कार्यहरुको समीक्षा गरिएको थियो। सभामा प्रस्तुत सांगठनिक तथा आर्थिक प्रतिवेदन सुझावसहित पारित भएका छन्।

# ज्ञानपुञ्जमा 'असल अभिभावकत्व' कार्यशाला




बुटवल। ज्ञानपुञ्ज इङ्लिस बोर्डिङ स्कुल, बुटवल-११, नहरपुरमा अभिभावकलाई लक्षित गरी सञ्चालन गरिएको 'असल अभिभावकत्व कार्यशाला' आईतबार सम्पन्न भएको छ। साउन १८ गतेदेखि २४ गतेसम्म सञ्चालन गरिएको उक्त कार्यशालामा पीजीदेखि कक्षा १० सम्मका विद्यार्थीका अभिभावकहरूको उपस्थितीमा गरिएको हो।

बालबालिकाको शैक्षिक उपलब्धिसँगै उनीहरूको भावनात्मक, सामाजिक, नैतिक तथा व्यवहारिक विकासमा अभिभावकीय भूमिकालाई अझ प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरिएको कार्यशालामा लेखक तथा अनुसन्धानकर्ता रामचन्द्र श्रेष्ठले प्रशिक्षण प्रदान गरेका थिए। उनले बालमनोविज्ञान, सकारात्मक अभिभावकत्व, प्रभावकारी पारिवारिक संवाद, बालबालिकाको व्यवहार बुझ्ने तरिका, अनुशासन र स्वतन्त्रताबिचको सन्तुलन, प्रविधिको उचित प्रयोग तथा घरमै सिकाइमैत्री वातावरण निर्माणलगायतका विषयमा व्यावहारिक तथा जीवनोपयोगी ज्ञान र सीप प्रदान गरेका थिए।

कार्यक्रमका क्रममा विद्यालयका प्राचार्य शंकर भण्डारीले विशेष सम्बोधन गर्दै बालबालिकाको भविष्य निर्माणमा विद्यालय र परिवारको सहकार्य अपरिहार्य रहेको धारणा राखे। उनले बालबालिकाको व्यक्तित्व, चरित्र, संस्कार, अनुशासन र जीवनमूल्यको आधार परिवारबाटै निर्माण हुने भएकाले अभिभावकले बालबालिकालाई समय, ध्यान, उचित मार्गदर्शन र सकारात्मक वातावरण प्रदान गर्नुपर्नेमा जोड दिए। उनले विद्यालयले केवल शैक्षिक ज्ञान प्रदान गर्ने संस्था मात्र नभई परिवारसँग सहकार्य गर्दै बालबालिकाको समग्र विकासका लागि निरन्तर प्रयत्न गरिरहेको उल्लेख गरे।

कार्यशालाका विभिन्न सत्रमा पीजी, नर्सरी, एलकेजी, यूकेजी तथा कक्षा १ देखि १० सम्मका अभिभावकहरू सहभागी भएका थिए। तहअनुसार सञ्चालन गरिएका सत्रहरूले अभिभावकलाई आफ्ना बालबालिकाको उमेर, आवश्यकता र विकासात्मक अवस्थाअनुसार व्यवहार, संवाद तथा मार्गदर्शन गर्ने विषयमा थप स्पष्टता प्रदान गरेको विद्यालयले जनाएको छ।

कार्यशालाप्रति सहभागी अभिभावकहरूले सकारात्मक प्रतिक्रिया व्यक्त गरेका छन्। उनीहरूले बालबालिकालाई अनुशासनमा राख्ने परम्परागत शैलीभन्दा सकारात्मक, संवादमुखी र मनोवैज्ञानिक रूपमा संवेदनशील अभिभावकीय अभ्यास आवश्यक रहेको अनुभूति भएको बताएका छन्। साथै, कार्यशालामा प्रस्तुत गरिएका व्यावहारिक उदाहरण तथा जीवनसँग प्रत्यक्ष सम्बन्धित विषयवस्तुहरू दैनिक पारिवारिक व्यवहारमा उपयोगी हुने अभिभावकहरूको प्रतिक्रिया रहेको थियो।

कार्यक्रममा विद्यालयका प्राचार्य शंकर भण्डारी, सह-प्राचार्य भीम बस्नेत, संयोजकहरू, सम्बन्धित कक्षाका शिक्षक-शिक्षिका तथा अभिभावकहरूको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रमको आयोजना तथा व्यवस्थापनले विद्यालय र अभिभावकबीचको सम्बन्धलाई थप सुदृढ बनाउँदै 'विद्यालय-परिवार साझेदारी' को अवधारणालाई व्यवहारमा रूपान्तरण गर्ने दिशामा महत्वपूर्ण योगदान पुऱ्याएको विद्यालय प्रशासनले जनाएको छ। बालबालिकाको उज्ज्वल भविष्य निर्माणमा अभिभावक र विद्यालय दुवैको समान जिम्मेवारी रहने मान्यतालाई आत्मसात् गर्दै यस्ता जीवनोपयोगी तथा अभिभावक सशक्तीकरणका कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तरता दिइने विद्यालयले जनाएको छ।

# देवानगञ्ज घटनाका मृतकलाई शहीद घोषणा गर्न माग



बुटवल। जनता समाजवादी पार्टी (जसपा) नेपालसहित ३ दलले देवानगञ्ज घटनाका मृतकलाई तत्काल शहीद घोषणा गर्न माग गरेका छन्। सोमबार एक विज्ञप्ति जारी गर्दै सम्झौता कार्यान्वयनमा ढिलाइले गम्भीर दुर्घटना निम्त्याउन सक्ने चेतावनी दिएका छन्।

जसपा नेपालका संरक्षक महन्थ ठाकुर, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, राष्ट्रिय निर्माण दलका अध्यक्ष समिम मियाँ अन्सारी, देवानगन्ज गाउँपालिकाका अध्यक्ष बेचनप्रसाद मेहता र देवानगन्ज ६ का वडाध्यक्ष हरिनन्दन मेहताले विज्ञप्ति जारी गर्दै सम्झौता कार्यान्वयनको माग गरेका हुन्।

विज्ञप्तिमा भनिएको छ-'घटनापछि पीडित परिवारसँग नेपाल सरकारले गरेको लिखित सम्झौतामा मृतकलाई शहीद घोषणा गर्ने, क्षतिपूर्ति उपलब्ध गराउने, परिवारका सदस्यलाई रोजगारी दिने तथा घटनाको निष्पक्ष छानबिन सात दिन भित्र गर्ने स्पष्ट प्रतिबद्धता व्यक्त गरिएको थियो। तर सम्झौता भएको लामो समय बितिसक्दा पनि मन्त्रिपरिषद् बाट मृतकहरूलाई शहीद घोषणा गर्ने लगायतका निर्णयसम्म हुन नसक्नु सरकारको चरम गैरजिम्मेवारी र पीडितप्रतिको संवेदनहीनताको प्रमाण हो।'

अझ काठमाडौंमा उपचाररत रवीन्द्र मेहताको निधन भएको एक हप्ता बितिसक्दा अन्त्येष्टि हुन सकेको विषय आपत्तिजनक भएको उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ-'मृत्युपश्चात् सम्मानपूर्वक अन्त्येष्टि गर्न पाउने परिवारको अधिकारसमेत कुण्ठित हुने अवस्था सिर्जना हुनु स्वयंमा गम्भीर विषय हो। यस्तो ढिलाइले पीडित परिवारको पीडा र जनआक्रोश थप बढाउँदै अप्रिय तथा गम्भीर दुर्घटना निम्त्याउन सक्ने जोखिमप्रति सरकार सचेत हुनुपर्छ।'

गत १४ गते जारी गरेको ८ बुँदे माग सहितको वक्तव्य र १५ गते प्रधानमन्त्रीसँग भएको छलफलका विषयलाई कार्यान्वयनमा लैजान माग गरेका छन्। विज्ञप्तिमा भनिएको छ-'सम्झौता कुनै आश्वासन वा राजनीतिक वक्तव्य होइन, राज्यले गरेको लिखित प्रतिबद्धता हो। सरकारलाई पीडितको धैर्यको थप परीक्षा नलिन र परिस्थितिलाई थप जटिल बन्न नदिन गम्भीर आग्रह गर्दछौं।'

तत्काल निर्णय गरी न्यायपूर्ण समाधानको बाटो नखोलिए सरकारको गैरजिम्मेवार रवैयाविरुद्ध शान्तिपूर्ण तथा सशक्त लोकतान्त्रिक सङ्घर्ष अघि बढाउन बाध्य हुने चेतावनी दिए।

# बढ्दो महँगी रोक्न कांग्रेसको माग




बुटवल। नेपाली कांग्रेसले सरकारलाई महँगी नियन्त्रण गर्न ध्यानाकर्षण गराएको छ। जारी केन्द्रीय समितिको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रवक्ता देवराज चालिसेले महँगीले जनताको जीवन प्रणाली अस्तव्यस्त भएको बताए।

उनले भने-'जनताको कमजोर आय स्तर छ। दिनभरि काम गर्छ, बेलुका खान सक्ने स्थिति छैन। बजार आकासिएको छ, अनुगमन छैन, नियन्त्रण छैन। त्यसले गर्दा हरेक क्षेत्रमा महँगीको असर परेको छ, सरकारको अनुगमन मात्रै होइन, त्यसलाई प्रभावकारी रूपमा राहतका विषयहरूमा पनि केन्द्रित हुनुपर्छ।'

उनले सरकारले किसानलाई मलको व्यवस्था, सिँचाइको दीर्घकालीन सोचबारेमा पनि ध्यान दिनुपर्ने बताए। दीर्घकालीन रूपमा स्वदेशमै पनि मल उत्पादन गर्ने नीति बनाउन पनि माग गरेको छ।

उनले भने-'विशेष गरेर जनताको जीवनसँग जोडिएका विषय छलफलको प्रधान विषय हो। मंगलबार हामी राजनीतिक विषयमा, अधिवेशनका विषयमा, अरू विषयमा हामी भोलिका दिनमा हामी प्रवेश गर्छौं।' उनले बैठक मंगलबार पनि निरन्तर बस्ने बताए।

कांग्रेसको केन्द्रीय समिति (केस) को बैठकमा सात प्रदेशका सभापतिमध्ये पाँच वटाका सहभागी भएका छन् भने दुई प्रदेशका सभापति अनुपस्थित रहेका छन्।

आइतबारबाट केन्द्रीय कार्यालय सानेपाम सुरु भएको बैठकमा प्रदेश सभापतिलाई आमन्त्रित सदस्यका रूपमा बोलाइएको छ।

बैठकमा उपस्थित हुने प्रदेश सभापतिमा कोशीका उद्धव थापा, मधेशका कृष्ण यादव, बागमतीका इन्द्र बानियाँ, गण्डकीका शुक्रराज शर्मा र लुम्बिनीका अमरसिंह पुन छन्।

कर्णालीका सभापति ललितजंग शाही र सुदूरपश्चिमका वीरबहादुर बलायर बैठकमा सहभागी नभएको एक केन्द्रीय सदस्यले जानकारी गराएका छन्।

आइतबार देखि सुरु भएको केन्द्रीय समिति बैठकमा आजबाट केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रम सुरु भएको छ। बैठकमा छलफलका लागि आठ एजेण्डा तय गरिएको छ।

पार्टीसँग सम्बन्धित छलफलका एजेण्डाहरूमा १५ औं महाधिवेशन तयारी, नियमावली र निर्वाचन निर्देशिका, सदस्यता अद्यावधिक र वितरण, महाधिवेशन तयारी समिति गठन, विधान मस्यौदा समिति गठन, प्रचार प्रसार, भोजन तथा आवास, मञ्च व्यवस्थापन लगायतका उपसमिति गठन र कार्यसम्पादन समितिका निर्णय अनुमोदन, सदस्यता व्यवस्थापन केन्द्रीय समितिको निर्णय अनुमोदन, जनसम्पर्क समिति भ्रातृ संस्थाहरूको विधान लगायत छन्।

बैठकका थप एजेण्डाहरूमा पछिल्लो समयमा तराई मधेशमा भएका घटनाक्रम र सामाजिक सद्भाव कायम गर्ने, सरकारका १०० दिन, तत् पश्चात्का गतिविधि र प्रमुख प्रतिपक्ष दलका रूपमा संसद र संसद बाहिर पार्टीको भूमिका, प्रदेश सरकारका सन्दर्भमा विकसित राजनीतिक परिस्थिति र समसामयिक छन्।

# धागोबाट सृजना, आत्मनिर्भर बन्दै आमाहरू

तुलसीपुर। दाङ बङ्गलाचुलीकी सुमिला नेपाली घोराही बसेर छोरी पढाउँदै आएकी छिन्। पहिले छोराछोरीलाई स्कुल पठाएपछि घरमा आएर टिकटक, फेसबुक चलाउनेबाहेक खासै काम हुँदैनथ्यो। तर, अहिले उनको दैनिकी फेरिएको छ। उनी धागोबाट विभिन्न सामग्री बुन्न व्यस्त छिन्।

"पहिले त छोराछोरीलाई स्कुल पठायो, त्यसै बस्यो, समय बिताउनको कठिन हुन्थ्यो", उनले भनिन्-"तर अहिले समय बिताउन पनि सहज भएको छ, आम्दानी पनि हुने गरेको छ।" उनले धागोबाट विभिन्न सामग्री बुन्न सुरु गरेकी हुन्। अहिले उनको हातमा धागोमात्रै छैन, नयाँ सीप सिकेर आत्मनिर्भर बन्ने आत्मविश्वास पनि थपिएको छ।

त्यस्तै, पूर्वीरुकुमकी झरना बुढामगर पढ्न दाङको घोराही आएकी हुन्। पढाइबाहेक खाली समय कसरी बिताउने भन्ने अन्योलमा रहेकी उनको दैनिकी पनि अहिले फेरिएको छ। घोराहीस्थित स्वप्न होजियारी उद्योगमा सम्पर्क भएपछि उनले धागोबाट विभिन्न सामग्री बनाउन सिकिन्।

"अहिले त व्यस्त भइयो", उनले भनिन्-"केही नयाँ कुरा सिक्न पाउँदा धेरै फाइदा भएको छ।" उनीहरूमात्रै होइन, धेरै महिला धागोबाट विभिन्न सामग्री बुन्न व्यस्त छन्। हिजोसम्म घरधन्दा र छोराछोरीलाई स्कुल पठाएपछि 'के गर्ने ?' भन्ने अन्योलमा रहेका महिला अहिले व्यावसायिक काममा जोडिन थालेका छन्। उनीको हातमा क्रुस र सियोमात्रै छैन, आत्मनिर्भर बन्ने एउटा दरिलो आधारसमेत देखिन थालेको छ।

हाल स्याउ, सुन्तला, गाजरलगायत आकर्षक ढाँचाका सामग्री बनाउन सीप सिकिसकेका छन्। उद्योगमा कार्यरत महिला विद्यालयका लागि आवश्यक वर्णमाला, खेलौनालगायत सामग्री बनाउन पनि व्यस्त हुने गरेका छन्। 'ए प्लसदेखि जेब्रासम्म- ए टु जेड'का सामग्रीसमेत धागोबाटै बनाउने गरिएको छ।

विभिन्न ५६ प्रकारका धागोका सामग्री बनाउने गरिएको उद्योगकी प्रमुख रचना सुवेदीले जानकारी दिइन्। दाङको घोराहीमा मुख्य उद्योग सञ्चालन गर्दै आएको यस संस्थाले महिलालाई तालिम र रोजगारीसँग जोड्दै आएको छ।

उनका अनुसार अहिले विद्यालयले समेत धागोबाटै सामग्री बनाउन थालेपछि यसको माग बढेको छ। सबै सामग्री धागोबाटै बनाउन थालेपछि निकै काम पाएका छौं", उनले भनिन्-"विद्यार्थीलाई सिकाउन पनि सहज हुने र वातावरणमैत्री हुने भएकाले सबैले यसको माग बढेको छ।"

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्!
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com